# सार्वजनिक विद्यालयका शिक्षकहरूप्रति विद्यालय व्यवस्थापन समिति र विद्यार्थीको व्यवहार अध्ययन

**भोलाप्रसाद साह**
**दावा शेर्पा**

**लेखसार**

*यस अध्ययनको मुख्य उद्देश्य सार्वजनिक विद्यालयका शिक्षकप्रति* विद्यालय व्यवस्थापन समिति र विद्यार्थीका *व्यवहारको अध्ययन गर्नु रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेख सप्तरी जिल्लाको खडक नगरपालिकामा रहेका २ ओटा माध्यमिक विद्यालयहरूमा केन्द्रित छ । उद्देश्यमूलक नमुना छनोट विधिद्वारा २ जना प्रधानाध्यापक, २ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष,२ जना अभिभावक, ४जना शिक्षक र २ जना छात्र सहभागीका रूपमा लिइएका छन् । सहभागीहरूसँग अन्तरवार्ता छलफल र प्रश्नावलीद्वारा आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । अन्तरवार्तालाई टान्सक्राइब गरेर कोड निर्माण गरिएको छ । कोडका आधारमा थेमको निर्माणगरी थेमाटिक विश्लेषण गरिएको छ । अध्ययनअनुसार प्रधानाध्यापक र सहकर्मी शिक्षकहरूको एक आपसमा व्यवहार सद्भावपूर्ण रहेको पाइयो । साथै सामूहिक प्रयास, समन्वय र सहकार्यमा विद्यालयका योजना निर्माण, निर्णय र समस्याहरू समाधान गर्ने गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र निरीक्षकहरूले शिक्षकहरूसँग प्रजातान्त्रिक व्यवहार अवलम्बन गरेका साथै अभिभावक र विद्यार्थीहरूले पनि सकारात्मक व्यवहार गरेको पाइयो तर शिक्षण पेसाको गरिमा र प्रतिष्ठा दिनानुदिन घट्दै गएको अवस्थामा विद्यालयमा शिक्षकप्रति गरिने व्यवहार थप सम्मानजनक, सबल र समृद्ध बनाउन पेसागत र विषयगत रूपमा दक्ष, योग्य शिक्षक शिक्षण पेसामा प्रवेश गराउन शिक्षक नियुक्तिका स्पष्ट आधारहरूको निर्माण र कार्यान्वयन, विद्यालय तथा विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेप मुक्त क्षेत्र, पेसामा संलग्नहरूका लागि आर्थिक स्वतन्त्रताको अवस्था सृजना हुने किसिमका नीतिगत व्यवस्था गर्न आवश्यक रहेको देखिन्छ। शिक्षकहरूप्रति सद्भाव र विश्वासको वातावरण निर्माण गर्नका लागि शिक्षकहरू विषयगत रूपमा दक्ष, लगनशील र जिम्मेवार भई आफ्नो पेसामा समर्पित हुन सकेमा सरोकारवालाहरूले शिक्षकलाई गर्ने व्यवहारमा सकार ात्मक दृष्टिकोणको विकास गर्न सघाउ पुऱ्याउने देखिन्छ ।*

**मुख्य शब्दावली** : मानव सम्बन्ध सिद्धान्त, सद्भावपूर्ण व्यवहार, प्रजातान्त्रिक व्यवहार, सकारात्मक व्यवहार ।

## अध्ययनको पृष्ठभूमि

विद्यालयको व्यवस्थापकीय दृष्टिले नेपालमा सार्वजनिक र संस्थागत गरी दुई किसिमका विद्यालयहरू रहेका छन् । सार्वजनिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय हो भने नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत विद्यालय संस्थागत विद्यालय हो (शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६) । सार्वजनिक विद्यालयमा विद्यालय रेखदेख, सञ्चालन, समस्या समाधान र व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) को रहेको हुन्छ । विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन, तत्कालीन शिक्षक भर्ना, शिक्षक र विद्यार्थीप्रतिको चासो र समस्या समाधान गर्ने जिम्मेवारी लिएको हुन्छ । सार्वजनिक विद्यालयको सरोकारवाला भन्नाले विद्यालय र शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने मुख्यपक्षहरूमा अभिभावक, समुदाय, विद्यार्थी, विद्यालय निरीक्षक, स्थानीय निकायमा शिक्षा इकाइ र जिल्ला तहमा जिल्ला समन्वय इकाइ रहेको छन् । जिल्ला समन्वय इकाइ समन्वयकारी भूमिकामा मात्र रहेको पाइन्छ । हाल नेपालको संविधानले विद्यालय तहको शिक्षाहेर्न स्वायत्त अधिकार स्थानीय तहलाई सुम्पेको छ भने नेपाल संघीय ढाँचामा प्रवेश गर्नु पूर्व विद्यालयतहको सरोकार राख्ने

निकायको रूपमा स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालय रहेको थियो जसमा स्रोतव्यक्ति र जिल्ला शिक्षा अधिकारी मुख्य भूमिकामा रहेका थिए (Morse, 2016)। सार्वजनिक विद्यालयमा सरोकारवालाहरूको शिक्षकहरूप्रतिको व्यवहारले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रमुख भूमिका खेल्दछ। यस अध्ययन शिक्षकसँग प्रत्यक्ष रूपमा सरोकार राख्ने वि.व्य.स.र विद्यार्थीलाई मात्र समावेश गरिएको छ। वि.व्य.स.र विद्यार्थीले सार्वजनिक विद्यालयको शिक्षकप्रति कस्तो व्यवहार गर्छन् ? उनीहरूको व्यवहारले शिक्षण सिकाइ र सुधारमा कस्तो प्रभाव पार्छ ? वि.व्य.स र विद्यार्थीको शिक्षकहरूसँग कस्तो व्यवहार रहेको छ र कस्तो हुनुपर्छ? यी सम्बन्धले विद्यालयमा सिकाइ वातावरण र अपेक्षित उद्देश्य प्राप्त गर्न कसरी सघाउ पुऱ्याउँदछ भन्ने समस्यामा केन्द्रित रहेको छ।

शिक्षकले आफ्नो पेसागत विकासका लागि अगाडि बढ्न वि.व्य.स. र विद्यार्थीको सकारात्मक व्यवहारलाई निरन्तरता दिन र नकारात्मक व्यवहारमा सुधार ल्याउनका लागि आवश्यक योजना बनाई अगाडि बढ्न सघाउ पुऱ्याउँदछ। साथै वि.व्य.स. र विद्याथीहरूसँग असल सम्बन्ध निर्माण गर्न के कस्ता पक्षहरूले भूमिका खेल्दछ अवगत गराउने हुँदा आफ्नो पेसागत मर्यादा कायम गर्न र शिक्षण पेसालाई सम्मानित र मर्यादित बनाउन सघाउ पुऱ्याउँदछ।

## अध्ययनको उद्देश्य

यस अध्ययन सार्वजनिक विद्यालयका शिक्षकहरूप्रति विद्यालय व्यवस्थापन समिति र विद्यार्थीको व्यवहारको अध्ययन गर्ने उद्देश्यमा केन्द्रित भई गरिएको छ।

## शिक्षकहरूप्रति व्यवहार सम्बन्धी पूर्वकार्यको समीक्षा

शिक्षकहरूसँग प्रत्यक्ष सरोकार राख्ने पक्षहरूमा विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समिति पर्दछन्। कुनै पनि सङ्गठनमा सरोकारवालाहरू निश्चित उद्देश्य प्राप्तिका लागि प्रतिबद्ध हुन्छन्। ती सरोकारवालाहरूले सङ्गठनमा सबैप्रति अधिकारको सुनिश्चित गर्दै निर्णय गर्ने काम गर्छन्। जसमा सरोकारवालाहरूले उचित उत्पादन वा सङ्गठनको लागि आफ्ना विचार राखेर कामदार वा कर्मचारीसँग व्यवहार गर्ने गरेका छन् (Friedman, 2006)।

यस भनाइ अनुसार कुनै पनि विद्यालयको सरोकारवालाहरू समूहमा बसेर अपेक्षित उद्देश्य प्राप्त गर्नका लागि विद्यालयमा आफ्ना धारणा, इच्छा र शक्ति प्रकटगरेका हुन्छन्। ती सरोकारवालाहरूले विद्यालयको व्यवस्थापनप्रति चासो लिएर विद्यालय व्यवस्थापन गर्नमा संलग्न भएका हुन्छन्। विद्यालयमा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप वा उत्तम नतिजाको लागि आफ्नो शिक्षकहरूप्रति अनुकूल व्यवहार प्रदर्शन गरेका हुन्छन्। विद्यालय सुधार गर्ने प्रयासको सन्दर्भमा शिक्षण सिकाइ एउटा नमुना हो। जसमा आन्तरिक सरोकारवाला स्पष्ट रूपमा प्रभावकारी शिक्षण सिकाइ र नतिजा ल्याउनका लागि क्षमता राख्दछन् तर तिनीहरूसँग निरन्तरताको लागि आवश्यक क्षमता र शक्तिको अभाव रहेको छ (Zappala, 2004)।

सार्वजनिक विद्यालयमा आन्तरिक सरोकारवालाहरू विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरू पर्दछन् भने बाह्य सरोकारवालाहरूमा समुदाय, समुदायमा रहेका विद्यालय र शिक्षण सिकाइसँग सम्बन्धित औपचारिक तथा अनौपचारिक निकाय तथा संघ संस्था पर्दछन्। ती दुई आन्तरिक र बाह्य सरोकारवालाहरूबिच कुनै न कुनै किसिमको विवाद रहेको हुन्छ। विद्यालयमा अध्ययन अध्यापनमा कुनै किसिमको कमीकमजोरी वा विद्यालयको अपेक्षित उद्देश्य हासिल गर्न सकेन भने बाहिरी सरोकारवालाहरूले शिक्षक वा आन्तरिक सरोकारवालालाई आलोचनात्मक व्यवहार प्रकट गरेका हुन्छन्। सकारात्मक र स्वच्छ रूपले विद्यालयमा अभिभावक र विद्यार्थीहरूको पारिवारिक सम्बन्ध स्थापित गरी सहभागी गराइयो भने विद्यालयका सम्पूर्ण शैक्षिक, सामाजिक र नैतिक ज्ञानमा वृद्धि भई

व्यवहार परिवर्तन हुने गर्दछ । विद्यालयमा विद्यार्थीहरूको घरायसी वा पारिवारिक पृष्ठपोषण अनुसार अध्यापन हुनु आवश्यक छ। विद्यालयमा आन्तरिक सरोकारवालाहरूले कार्य सञ्चालनको लागि विद्यार्थीका भाषा, संस्कृति, परम्परा र चालचलन अनुसारको विद्यालयको अध्यापन अनुकूलको वातावरण सिर्जना गर्छन्। त्यसकारणले विद्यालयमा बाह्य सरोकारवालाहरूलाई विद्यालयमा सहभागी गराउनुपर्छ (Henderson & Mapp, 2002)।

विद्यालयको सम्पूर्ण क्रियाकलाप समुदायसँग सम्बन्धित हुन्छ । समुदायले विद्यालयमा केही मात्रामा लगानी गरेका हुन्छन् । जसमा समुदायको व्यक्तिहरू विद्यालयले प्रभावकारी वातावरण सिर्जना गर्नुपर्छ भनेर अपेक्षा राख्छन्। ती अपेक्षालाई केन्द्रबिन्दुमा राखेर त्यसै अनुसारको व्यवस्थापन गरी शिक्षण सिकाइ क्रियाकलाप र विद्यालयको सम्पूर्ण प्रगति बढाउनलाई विद्यालयमा प्रधानाध्यापक र शिक्षकसँगको व्यवहार राम्रो हुनु आवश्यक छ । विद्यालयमा कुनै पनि किसिमको शिक्षकहरूबाट समस्या भयो वा अपेक्षित उद्देश्य प्राप्त हुनुमा अवरोध भएमा समुदाय र सरोकारवालाहरूको व्यवहार शिक्षकप्रति आलोचित देखिन्छ (Morse, 2016)। यसमा सरोकारवालाहरूले विद्यालयको सबै काम र कर्तव्य उद्देश्य अनुसारको हुनुपर्छ भनेर केही मात्रामा लगानी पनि गरेका हुन्छन् । जसमा केही किसिमका कमी भएमा सरोकारवालाहरूले विद्यालयका शिक्षक वा कर्मचारीप्रति आक्रोश व्यक्त गर्न सक्छन् ।

सङ्गठनको संरचनाअनुसार मानव संसाधनलाई कार्य गर्नमा दवाव सृजना गरी प्रभावकारी कार्य सम्पादन गर्ने गर्दछ (Zappala, 2004) । सार्वजनिक विद्यालयमा सरोकारवालाहरूले शिक्षक र कर्मचारीहरूको मनोभावना बुझी उनीहरूलाई उत्प्रेरणा दिई विद्यालयको कार्य संरचना वा योजनाअनुसार शिक्षण गर्नमा प्रेरित गर्नु आवश्यक रहेको हुन्छ । सरोकारवालाहरूले विद्यालयको योजनाअनुसार कार्य सम्पन्न भइरहेको छ, छैन भन्ने कुरामा ध्यान आकर्षण गर्न आवश्यक रहन्छ ।

## मानव सम्बन्ध सिद्धान्त

मानव सम्बन्धको सिद्धान्त प्रो. जर्ज इल्टन मायोले सन् १९२७ देखि १९३२ सम्म प्रतिपादन गरेका हुन् । सङ्गठनमा कामदारलाई भौतिक वा मेसिनरी दृष्टिकोणबाट नभई मानवतावादी भई हेर्नुपर्छ । यस सिद्धान्तले मानवीय पक्षलाई केन्द्र बिन्दुको रूपमा वा सामाजिक र मनोवैज्ञानिक पक्षको रूपमा आत्मसात् गर्दै सङ्गठनमा मानवीय मनोवृत्ति, व्यवहार, समूहगत प्रक्रिया,व्यक्तित्व, उत्प्रेरणा, सहभागिता, गतिशीलता र सिर्जनशीलता आदिलाई महत्त्वपूर्ण तत्वको रूपमा स्वीकार गरी कर्मचारीका पेसागत सन्तुष्टिलाई उच्च प्राथमिकता दिनुपर्ने मान्यता राखेका छन् (Mulder, 2017)।

सार्वजनिक विद्यालयमा शिक्षकहरूप्रति सरोकारवालाको दृष्टिकोण सहभागिकतामूलक, मानवतावादी, आत्मसम्मान र प्रजातान्त्रिक हुनुपर्छ। सार्वजनिक विद्यालयमा यो सिद्धान्तमार्फत् शिक्षक र व्यवस्थापक बिच मानवीय सम्बन्ध कस्तो रहेको छभन्ने विषयमा खोजी गर्न सघाउ पुऱ्याउँछ । विद्यालयमा सबै शिक्षक र कर्मचारीहरूले आफ्नो हितको लागि अध्यापन साथै जिम्मेवारी पूरा गर्दछन् । प्र.अ र शिक्षकहरूको व्यवहारको बिचमा अन्तर्वैयक्तिक सम्बन्ध रहेको हुन्छ ।

कुनै पनि सङ्गठनमा दिगो समयका लागि उत्पादन बढाउन कामदारहरूलाई सही व्यवस्थापन गरीकार्य क्षमतावान् बनाउनुपर्छ। यसका लागि पेसागत रूपमा दक्ष बनाउनका साथै सामाजिक रूपमा प्रेरित गर्नुपर्छ (Epstein, 1995)। यो भनाइअनुसार विद्यालयमा शिक्षक, अभिभावक, विद्यार्थी र वि.व्य.स. हरू बिच सहयोग, समन्वय, सकारात्मक व्यवहार भई असल मानवीय सम्बन्ध स्थापित भएमा राम्रो नतिजा वा अपेक्षित उद्देश्य हाँसिल गर्न सबै शिक्षक र कर्मचारीहरू कामप्रति जिम्मेवार, वफादार र प्रतिबद्ध हुने गर्दछ ।

## अध्ययन विधि

अनुसन्धान कार्य थालनी अगाडि अनुसन्धानका लागि तयार पारेको रूपरेखा साथै तथ्याङ्क सङ्कलन, मापन र विश्लेषण गर्ने पद्धतिको खाका अनुसन्धान ढाँचा हो (Kothari,1995)। यस अध्ययनमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग प्रत्यक्ष अन्तर्वार्ता र प्रश्नावलीका आधारमा तथ्य र सूचनाहरू सङ्कलन गरी गुणात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ (Creswell, 2009)। उद्देश्यमूलक नमुना छनोट विधिद्वारा सप्तरी जिल्लाको खडक नगरपालिकामा रहेका जम्मा २ ओटा माध्यमिक विद्यालय छनोट गरिएको छ। उक्त विद्यालयका २ जना प्रधानाध्यापक, २ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, २ जना अभिभावक, ४ जना शिक्षक र २ जना विद्यार्थीछनोट गरिएको छ। नमुना छनोटमा परेका सार्वजनिक विद्यालयका प्र. अ., वि.व्य.स.का अध्यक्ष, शिक्षकहरू र विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा अन्तर्वार्ता र प्रश्नावली मार्फत् आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ।अध्ययनकर्ताले छनोट भएका विद्यालयमा स्वयम् पुगेर प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अन्तरवार्ता र शिक्षक र विद्यार्थीसँग प्रश्नावली छुट्टा-छुट्टै र समूह छलफल सञ्चालन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। प्रश्नावलीबाट आएका सूचनाहरू र सहभागीसँग गरिएको अन्तर्वार्तालाई ट्रान्सक्राइव गरी कोडिङ गरिएको छ। उक्त कोडलाई उद्देश्यसँग सम्बन्धित गरेर थेमको निर्माण गरिएको छ (Guba & Lincoln, 2005)। आएको नतिजालाई एकीकृत गरी अनुसन्धानको उद्देश्यसँग तुलना, भिन्नता र सम्बन्ध कायम गरेर विश्लेषण गरिएको छ।

## तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

अध्ययनका लागि छनोट गरिएका नमुनाबाट तथ्याङ्कको सङ्कलन गर्न तयार पारिएको साधनबाट तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यसलाई प्रस्तुतीकरण तथा विश्लेषण गर्नुपर्छ। अध्ययनलाई व्यावहारिक र वस्तुपरक बनाउन स्थलगत अध्ययनबाट प्राप्त सूचना र तथ्याङ्कहरूलाई उद्देश्य तथा अनुसन्धानात्मक प्रश्नमा आधारित रही गुणात्मक विधि अपनाई निम्नानुसार प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ :

### शिक्षकहरूप्रति विद्यालय व्यवस्थापन समिति र विद्यार्थीहरूको व्यवहार

विद्यालय व्यवस्थापन समितिको विद्यालयको व्यवस्थापकीय कार्यमा महत्त्वपूर्ण भूमिका रहन्छ। विद्यालयको सम्पूर्ण प्रशासकीय जिम्मेवारीका लागि प्रधानाध्यापक सदस्य सचिवको भूमिकामा रहेका हुन्छन्। विद्यालय व्यवस्थापन समिति र विद्यार्थीहरूले गर्ने व्यवहार सम्बन्धमा नमुना जनसंख्यासँग गरिएको अन्तरक्रिया र छलफलद्वारा प्राप्त तथ्य तथ्याङ्कको आधारमा शिक्षकप्रति गरिने व्यवहार निम्नानुसार प्रस्तुत गरिएको छ :

#### सद्भावपूर्ण व्यवहार

समन्वय, सहकार्य, आत्मीयता, विश्वास, सम्मान र सहअस्तित्वपूर्ण व्यवहारलाई सद्भावपूर्ण व्यवहारका रूपमा लिइन्छ। प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिको सदस्य सचिव रहन्छ जसको सम्पूर्ण कार्यकारी र प्रशासनिक अधिकार रहेको हुन्छ। विद्यालय व्यवस्थापन समितिमा एक जना शिक्षक शिक्षक प्रतिनिधिको रूपमा रहन्छन्। ती प्रधानाध्यापक र शिक्षकले आफू वि.व्य.स.मा रहँदा अन्य शिक्षकहरूप्रति के कस्ता व्यवहार गर्दछन् भन्ने सम्बन्धमा अन्तरक्रिया गर्दा सद्भावपूर्ण व्यवहार गरेको पाइयो। प्रधानाध्यापकले शिक्षकसँग गर्ने व्यवहार सम्बन्धमा अध्ययनमा सहभागी प्रधानाध्यापक क अनुसार :

*मैले प्र.अ. को नाताले शिक्षकहरूसँग प्रशासकको रूपमा नभएर एउटा साथीको रूपमा व्यवहार गर्छु। मपनि शिक्षक हुँ। उहाँहरू पनि शिक्षक हुनुहुन्छ। त्यसैले विद्यालयमा हामी*

*सबै एउटै हौँ । कोही पनि ठुला र साना छैनौँ सबैलाई बराबरी र सम्मानपूर्वक एक-आपसमा व्यवहार गर्छौं ।*

माथिको भनाइ अनुसार विद्यालयमा प्रधानाध्यापकले शिक्षकप्रति गरेको व्यवहार प्रशासकको रूपमा नभएर समकक्षी, सहकर्मी साथीसँग गर्ने व्यवहार जस्तो रहेको पाइयो । यसमा प्रधानाध्यापकले विद्यालयमा शिक्षकहरूसँग समान रूपले रहेर निर्देशन दिने, सँगै सबै कार्य सिकाउने, विद्यालय सञ्चालनमा सबै शिक्षकहरूको सहकार्यमा निर्णय गर्ने र सभा सम्मेलनहरूमा शिक्षकहरूलाई पनि सहभागी गराएको पाइयो । विद्यालयमा प्रधानाध्यापकले शिक्षकसँग सहकार्य र सम्मानजनक व्यवहार गरेको पाइयो । उक्त विचारमा सहमत जनाउँदै अध्ययनमा सहभागी प्रधानाध्यापक ख का अनुसार :

*विद्यालयमा हामीहरूको बिचमा सम्मानजनक व्यवहार हुन्छ । विद्यालयमा हुने कुनैपनि बृहत् कार्यक्रमका समयमा सह-हृदयका साथ सबै शिक्षकहरू मिलेर तयारी गर्छौं । त्यसमा मैले दिएको निर्देशनमा कतै पनि आनाकानी मेरो शिक्षकहरूबाट हुँदैन ।*

उक्त भनाइ अनुसार उहाँको शिक्षक स्टाफहरूले आफूले दिएको निर्देशनलाई विनासर्त खुसीसाथ सम्पन्न गर्ने गरेका, प्र.अ. सँग कुनै पनि शिक्षक प्रतिवाद नभएको, प्र.अ. प्रति सम्मानित व्यवहार र आत्मीय सम्बन्ध रहेको पाइयो । विद्यालयमा शिक्षकहरूलाई शिक्षण कार्यको अलवा उनीहरूलाई विद्यालय सञ्चालन र अरू अतिरिक्त क्रियाकलापमा सहभागी गराएको पाइयो । शिक्षकहरूले कुनै पनि कार्यक्रममा सहभागी हुन आफै उत्सुक हुने साथै प्रधानाध्यापक र शिक्षक बिचको व्यवहार साथीमा मात्र सीमित नभएर सहयोगात्मक, सहभागितामूलक र एकअर्कालाई सम्मान गर्ने रहेको देखियो । विद्यालयका सबै शिक्षकहरूमा एकअर्काप्रति सकारात्मक भावना भएको पाइयो । आन्तरिक रूपमा विद्यालय शिक्षक परिवारका बिचमा हुने घनिष्ट सम्बन्धले विद्यालयको अपेक्षित उद्देश्य हाँसिल गर्न महत्त्वपूर्ण भूमिका रहने गर्दछ । यस्तो सम्बन्धबाट विद्यार्थीहरूमा पनि सकारात्मक धारणाको साथै सही मार्ग निर्देशन भई विद्यार्थी र शिक्षकहरूको शिक्षण सिकाइ कार्य प्रभावकारी रहन्छ (Dilekmen, 2011)।

विद्यालयमा नीति, नियम, जिम्मेवारी, काम, कर्तव्य, अधिकार र जवाफदेहिता स्पष्ट रूपमा निर्वाह गर्नुका साथै अपेक्षाकृत उपलब्धि प्राप्त गर्न प्रक्रियागत ढङ्गबाट अविच्छिन्न रूपमा तल्लीन रहेकाले शिक्षकहरूलाई प्रधानाध्यापकले सहयोग समन्वय गरेको पाइयो । जसले मानव शक्तिको परि चालन गर्न सहभागिता र सहयोगात्मक वातावरण सृजना गरेको देखिन्छ (Robbins,1998)।

सहकर्मी शिक्षकहरू बिचको आपसी सम्बन्ध र व्यवहार सम्बन्धमा अन्तरक्रिया गर्दा नमुना छनोटमा परेका उत्तरदाता शिक्षक क अनुसारः

*मलाई प्रधानाध्यापक लगायत अरू शिक्षकहरूले ठिकठिकै व्यवहार गर्नुहुन्छ । धेरै राम्रो व्यवहार पनि गर्नुहुन्न र अनुचित व्यवहार पनि गर्नुहुन्न । उहाँहरूसँग घनिष्ट सम्बन्ध छैन । हामीहरूमाथि हैकमवादी शासन गर्न खोजेका हुन्छन् ।*

यस भनाइ अनुसार विद्यालयमा शिक्षकहरूप्रति सहयोगात्मक, समन्वयात्मक व्यवहार कम मात्रामा भएको पाइयो । प्रधानाध्यापक लगायत अन्य सिनियर शिक्षकहरूले आदेशात्मक शैली अपनाएको पाइयो । यस्ता व्यवहारहरूले शिक्षकहरूलाई मनोवल कमजोर बनाउने र पेसाप्रति उत्साहमा कमी आउने गर्दछ । शिक्षकको पद र जागिरको प्रकृतिलाई नै आधार मानी शिक्षकहरूसँग मर्यादा कायम गर्ने गरेको पाइयो । त्यस्तैगरी कसैले सम्मान पनि गर्ने, कसैले शिक्षक मात्र तलब खाने व्यक्ति हुन् भनेर आरोप लगाउने व्यवहार गरेको देखियो । प्रधानाध्यापकले सबै शिक्षकसँगको समान र सम्मानजनक व्यवहार प्रभावकारी रूपमा देखाएको पाइएन । उनीहरूमा एकआपसमा प्रायः जसो व्यवहार नमिलेको देखियो । उक्त भनाइमा असहमत जनाउँदै सहभागी शिक्षक ख अनुसार :

*प्रधानाध्यापकले मलाई उत्तम र सम्मानजनक व्यवहार गर्नुहुन्छ । प्रधानाध्यापकले शिक्षण सामग्री र शिक्षणमा सहयोग गर्नुहुन्छ । विद्यालयमा कुनै पनि अतिरिक्त कार्यक्रम वा विद्यालय सञ्चालनमा मेरो पूर्ण सहभागिता रहेको हुन्छ । मैले पनि विद्यालयमा शिक्षणका साथसाथै अरू अतिरिक्त कार्यक्रमहरू र विद्यालय सञ्चालनका कार्यक्रमहरू भयो भने त्यसमा हामीहरूको तर्फबाट पूर्ण सहमत र सहयोग हुन्छ ।*

यस धारणा अनुसार प्रधानाध्यापकले शिक्षकप्रति उत्तम व्यवहार गरेका देखिन्छ । विद्यालयमा कुनै पनि शैक्षिक समस्या आयो भने त्यतिबेला प्रधानाध्यापकले शिक्षण सामग्रीहरू उपलब्ध गराएर सहयोगीको भावनाले व्यवहार गरेको देखियो । उक्त विषयमा उत्तरदाता शिक्षक ग ले पनि सहमत जनाउँदै आफ्ना धारणा व्यक्त गरेका छन् :

*यो विद्यालयमा हाम्रा शिक्षक साथीहरूसँग घनिष्ट सम्बन्ध हुनुका साथै प्रधानाध्यापक ज्यूले हामीहरूप्रति राम्रो भावनाले व्यवहार अपनाउनु भएको छ । सबै शिक्षक र सरोकारवालाहरूको एक आपसमा भएको सम्मानजनक व्यवहारले विद्यालय सञ्चालनमा सहयोग पुगेको छ ।*

यस धारणा अनुसार विद्यालयमा शिक्षकले पनि प्रधानाध्यापकलाई कार्य सञ्चालन वा विद्यालयको सम्पूर्ण जिम्मेवारीमा सहभागी भएर कार्य सम्हालेको पाइयो । विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप मात्र नभएर अरू बाँकी जिम्मेवारी वहन गरी सबै शिक्षकहरू सहयोगी र एक अर्काका काम र कर्तव्यलाई सबैले सहानुभूति राखेर सम्पन्न गरेको पाइयो । यस्तो व्यवहार र सम्बन्धले विद्यालयको अपेक्षित उद्देश्यसम्म पुग्न वा लक्ष्य हाँसिल गर्न सहज वातावरण सृजना भएको पाइयो । यसै प्रसङ्गमा सहभागी शिक्षक घ का अनुसारः

*जहाँ सम्म म आफ्नो व्यक्तिगत भनाइमा सरोकारवालाहरूप्रति कुनै किसिमको मेरो तर्फ बाट गुनासो छैन । सबै पक्षबाट व्यक्तिगत मेरो सम्मानजनक व्यवहार भएको छ । प्रधानाध्यापकबाट मैले आपतकालीन घरायसी आर्थिक सहयोग पनि पाएका छौँ । व्यक्ति मात्र नभएर यो विद्यालयमा शिक्षण सामग्रीदेखि सबै सहयोग गर्नुहुन्छ ।*

माथिको धारणा अनुसार प्रधानाध्यापकसँग शिक्षकको कुनै पनि किसिमको गुनासो नभएको पाइयो । सबै पक्षबाट सम्मानजनक व्यवहार भएको र कुनै किसिमको भेदभाव नभई सहयोगात्मक, सम्मानजनक, समन्वयात्मक व्यवहार गर्ने गरेको पाइयो । शिक्षकहरूलाई घरायसी कुनै पनि किसिमका आपतकालीन आर्थिक समस्या पऱ्यो भने प्रधानाध्यापक वा अरू शिक्षक साथीहरूसँग तत्कालका लागि आर्थिक स्रोत जुटाइ दिने काम पनि गरेको पनि पाइयो । विद्यालयमा शिक्षणको क्रममा देखा परेका समस्याहरूलाई कुनै पनि सरोकारवालाहरूले समन्वयात्मक वातावरणमा समस्यालाई समाधान गर्ने काम गरेको पाइयो । यस सम्बन्धमा सहमत जनाउँदै शिक्षकहरूलाई विद्यार्थीले गर्ने व्यवहार सम्बन्धमासहभागी छात्रा क अनुसार :

*म छात्रा साथीहरूमध्ये पहिलो विद्यार्थी हुँ । मलाई सबै सरहरूले माया गर्नुहुन्छ । सरहरूले कक्षाकोठामा हसाएर धेरै राम्रोसँग पढाउनु हुन्छ । सरहरूले कक्षाकोठामा किताबी ज्ञानका साथै अरू अतिरिक्त ज्ञान पनि दिनुहुन्छ । हामीलाई सरहरूले परिवारको सदस्यलाई जस्तै व्यवहार गर्नु हुन्छ ।*

*यस धारणा अनुसार* विद्यार्थीहरूलाई शिक्षकले असल मागदर्शकको रूपमा लिएको पाइयो । विद्यालयमा विद्यार्थीहरूले शिक्षकलाई एउटा शिक्षण वा विषयवस्तु बुझाउने साथै विद्यालयमा  शिक्षकहरूलाई आफ्नो पारिवारिक सदस्यहरूलाई जस्तै व्यवहार गर्ने गरेको पाइयो । शिक्षकहरूले विद्यार्थीहरूलाई पढाइमा कुनै किसिमको हेलचेक्र्याईं नगरी जिम्मेवार र सक्रिय रहने र विद्यार्थीको उन्नति र प्रगतिमा केन्द्रित रहने

भएकाले विद्यार्थीहरू शिक्षकप्रति सम्मानजनक र सद्भावपूर्वक व्यवहार गरेको पाइयो ।शिक्षण सिकाइ कार्य सबल र प्रभावकारी बनाउन शिक्षक र विद्यार्थीहरू बिचमा असल सम्बन्ध हुनु आवश्यक छ । शिक्षकले विद्यार्थीको भावना, रुचि र चाहनाअनुसार शिक्षण सिकाइ कार्य गर्न आवाश्यक पर्दछ । साथै विद्यालयको विद्यमान नीति, नियम, मूल्य र मान्यतालाई पालना गरी सिकाइ कार्यमा सहभागी हुनु विद्यार्थीको दायित्व हो । शिक्षककहरूलाई सम्मानजनक व्यवहार गर्नु, शिक्षकले निर्वाह गरेका कार्य सम्पन गर्नु विद्यार्थीको दायित्व हो भने शिक्षण सिकाइमा विद्यार्थीलाई बाल मनोविज्ञान, रुचि र चाहनाअनुसार पाठ्यक्रमले उल्लेख गरेका लक्ष्य र उद्देश्यमा केन्द्रित भई शिक्षण सिकाइ कार्य गर्नु शिक्षकको दायित्व र हन्छ । शिक्षक र विद्यार्थी दुवै पक्षले आफ्ना जिम्मेवारी र दायित्वप्रति सचेत भएमा असल सम्बन्ध कायम हुने गर्दछ । उक्त सन्दंभमा विद्यालयका छात्र ख अनुसार :

*कक्षाकोठामा शिक्षकहरूले हामीहरूलाई सिकाइमा सदैव सक्रिय रहनुहुन्छ । हाम्रो समस्या र जिज्ञासाहरू सरल र सहज साथ प्रस्ट पारिदिनुहुन्छ । सबैलाई समान व्यवहार हाम्रो सिकाइप्रतिको चिन्ता र हाम्रो प्रगतिमा दिनुभएको साथ देख्दा सधैं गौरव लाग्छ । पढाउने बेलामा नबुझेका विषयवस्तु स्पष्ट नहुन्जेल जतिपटक सम्म पनि तयार हुनुहुन्छ । पढाउने बेलामा कुनै पनि किसिमको सजाय कसैलाई दिएको थाहा छैन ।*

यस भनाइ अनुसार शिक्षकहरूले कक्षाकोठामा विद्यार्थीहरूको रुचि र चाहनाअनुसार विद्यार्थी केन्द्रित विद्यार्थी मैत्री वातावरणमा शिक्षण गर्ने गरेको पाइयो । विद्यार्थीहरूका विषयवस्तु सम्बन्धी समस्यालाई सरल सहज साथ विद्यार्थीहरूलाई सहजीकरण गर्ने गरेको कारण असल सम्बन्ध रहेको देखियो । विद्यालयमा शिक्षक र विद्यार्थीहरूको बिच पारिवारिक सम्बन्ध जस्तै घनिष्ट रहेको पाइयो ।

**प्रजातान्त्रिक व्यवहार**

आफ्नो अधिकारको प्रयोग गर्ने सबालमा सबैको अस्तित्वको सम्मान गरी मानवीय मूल्य मान्यता अनुरूप अख्तियार उन्मुख नभई सहभागितामूलक, पृष्ठपोषणमुखी,निर्णय केन्दित नभई निर्माणात्मक, प्रजातान्त्रिक व्यवहारको रूपमा लिइन्छ ।नमुना छनोटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षले शिक्षकसँग गर्ने व्यवहार सम्बन्धमा अन्तरक्रिया गर्दा प्रजातान्त्रिक व्यवहार तथा नेतृत्व शैली अपनाउने गरेको पाइयो । यस सम्बन्धमा वि.व्य.स.का अध्यक्ष उतरदाता क अनुसार :

*सार्वजनिक विद्यालयमा हामीले शिक्षकहरूलाई आदरणीय गुरुको जस्तो व्यवहार गर्छौं । म आफै अन्य शिक्षकहरूलाई सम्मानपूर्वक बोलाउने गर्दछु । विद्यालयका सबै शिक्षकसँग राम्रो व्यवहार गर्छु । मेरो बुझाइमा उनीहरूको शिक्षणप्रति सकारात्मक धारणा रहेको छ ।*

यस भनाइ अनुसार वि.व्य.स. अध्यक्षले शिक्षकहरूलाई आदरणीय व्यक्तित्वको रूपमा व्यवहार गरेको पाइयो । विद्यालयमा मेरो स्तर शिक्षकहरूभन्दा ठूलो छ भनेर व्यवहार कहिले पनि नगरेको पाइयो । यस्तो व्यवहारले शिक्षकहरूलाई पेसाप्रति जिम्वेवार र दायित्वबोध गर्न हौसला तथा आफ्नो पेसालाई गर्व गर्दै शिक्षणप्रति उत्प्रेरणा बढेको पाइयो । उक्त विषयमा वि.व्य.स.का अध्यक्ष ख अनुसार :

*हामी निरीक्षणमा जाँदा सबभन्दा पहिला कक्षा हेर्छौं । कक्षाकोठा हेरेपछि शिक्षकसँग बस्छौं । शिक्षकहरूलाई एउटा सहयोगकर्ताको भूमिका निर्वाह गर्दै उनीहरूको कमिकमजोर ीहरूलाई भन्दा राम्रो पक्ष केलाउँदै कमिकमजोरीको न्यूनीकरण कसरी गर्ने त्यसका लागि हामी सुझाव दिन्छौं ।*

माथिको कथन अनुसार वि.व्य.स.ले कक्षाकोठा भित्र नै प्रवेश गरी शिक्षकलाई समस्या परेका विषयवस्तुहरूमा छलफल गरेर समाधान गर्न सहजकर्ताको भूमिका निर्वाह गरेको पाइयो । विद्यालयमा निरीक्षकले शिक्षकहरूलाई शिक्षण गर्न उत्प्रेरणा प्रदान गरेको पाइयो । विद्यालयमा शिक्षकहरूप्रति प्रजातान्त्रिक

व्यवहार गरेको पाइयो । यस्तो किसिमको व्यवहार अपनाउँदा विद्यालयमा शिक्षकहरूले आफ्नो पेसालाई गर्वका साथ आफ्नो जिम्मेवारी र कर्तव्यमा प्रतिबद्धता देखाएको पाइयो । त्यस्तै विद्यालय निरीक्षण सम्बन्धमा विद्यालयका प्रधानाध्यापक उतरदाता क अनुसार :

*कक्षा अवलोकन र निरीक्षणलाई शिक्षकहरूले सहज रूपमा लिने गर्दछन् । कक्षाकोठामा प्रवेश गर्दा आफ्ना शिक्षणमा सहजीकरण गर्न थप मद्दत पग्ने महसुस गर्दछन् । शिक्षण सिकाइ सम्बन्धी भएका समस्याहरू सहजरूपमा व्यक्त गर्ने गर्दछन् ।*

माथिको भनाइ अनुसार विद्यालयमा प्रधानाध्यापक कक्षामा प्रवेश गर्दा शिक्षकहरूले कुनै पनि किसिमको शंका वा तनावको सट्टा सहजकर्ता कक्षामा उपस्थित भएको महसुस गरेको पाइयो । शिक्षकहरूले आफूसँग भएको कमीकमजोरी र समस्याहरूलाई आफूबिच छलफल गरी समाधान गरेको देखियो । यसमा प्रधानाध्यापक र शिक्षकहरूबिच एकअर्कामा अन्तर सम्बन्धित रही लोकतान्त्रिक वा प्रजातान्त्रिक व्यवहार अपनाएको पाइयो । प्रधानाध्यापकले सहयोगी, असल पथ प्रदर्शक र सहजकर्ताको रूपमा भूमिका निर्वाह गरेको पाइयो ।

मानव सम्बन्ध सिद्धान्त अनुसार शिक्षक र निरीक्षक बिचमा मानवीय पक्षलाई केन्द्रबिन्दुमा राखी सामाजिक र मनोवैज्ञानिक पक्षलाई समेत आत्मसात् गरेको पाइयो । सङ्गठनमा मानवीय मनोवृत्ति, व्यवहार,समूहगत प्रक्रिया, व्यक्तित्व, उत्प्रेरणा, सहभागिता, गतिशीलता, सिर्जनशीलता आदिलाई महत्त्वपूर्ण तत्वको रूपमा स्वीकार गरी शिक्षकहरूमा पेसागत सन्तुष्टिलाई उच्च प्राथमिकता दिनुपर्ने मान्यता राखेका छन् (Punch, 2005)।

विद्यालय व्यवस्थापन समिति विद्यालयको योजना, व्यवस्थापन, निर्णय निर्माण र निर्णयको प्रभावकारी कार्यान्वयनमा अहम् भूमिका रहन्छ । वि.व्य.स.ले शिक्षकसँग गर्ने व्यवहार सम्बन्धमा अन्तरक्रिया गर्दा नमुना छनोटमा परेका वि.व्य.स.का अध्यक्षकअनुसार :

*सबै शिक्षकहरूलाई मैले सद्भावपूर्ण व्यवहार गरेको छु । शिक्षकहरूका असहमति र मनमुटाव भएमा शिक्षकहरूलाई छलफल र समन्वयद्वारा सहमत बनाउने गरेका छौँ । मेरो र शिक्षकहरूको बिचमा मानवतावादी व्यवहार गर्छौं । कुनै पनि अतिरिक्त क्रियाकलापमा सबैलाई सहभागी हुन प्रेरित गर्न लगाउँछु । शिक्षकहरूप्रति कुनै पनि किसिमले हुने सहयोग मेरो तर्फबाट पूर्ण सहयोग गर्छु । तरनियम विपरीत जिम्मेवारी पूरा नगरेमा कारबाही गर्न समेत पछाडि पर्ने गरेको छैन ।*

उक्त धारणाअनुसार विद्यालय व्यवस्थापन समितिका अध्यक्षले अधिकांश शिक्षकहरूप्रति सकारात्मक र प्रेमपूर्वक व्यवहार गरेपनि केही शिक्षकहरूसँग त्यस्तो सम्बन्ध नभएको पाइयो । यसमा कुनै-कुनै शिक्षकहरूप्रति नीति नियमलाई कडाइका साथ लागू गर्ने गरेको पाइयो । विद्यालयमा सबै शिक्षकहरूको व्यवहार एकनासको हुँदैन जुन शिक्षक नियममा बसेर वा आफ्नो कर्तव्यप्रति प्रतिबद्धता देखाउँछ, त्यस्तो शिक्षकको लागि राम्रो व्यवहार भएको पाइयो । अरू काममा ढिला सुस्ती र नियम वा कर्तव्यप्रति प्रतिबद्धता नदेखाएका शिक्षकहरूको लागि कडा वा दमनकारी निर्देशनात्मक शैली अपनाएको पाइयो । यसै सन्दर्भमा सहभागीवि.व्य.स. अध्यक्ष ख अनुसार :

*मैले विद्यालयमा सबै शिक्षकसँग समान व्यवहार गर्ने गरेको छु । शिक्षकहरूलाई जिम्मेवारी र कर्तव्यसँग सचेत सधैं आग्रह गर्ने गरेको छु । विद्यालयमा व्यवस्थापन समितिले शिक्षकहरूसँग विद्यालयको सिकाइ सुधार र भौतिक सुधारका लागि सल्लाह र सुझाव लिने गरेको छु । विद्यालयको सबै सरोकारवालाहरू र शिक्षकवर्ग बसेर आगामी योजना र सबै क्रियाकलापको बारेमा छलफल र सहकार्यबाट हामी अगाडि बढ्छौं ।*

यो धारणा अनुसार विद्यालयमा शिक्षकहरूलाई प्रत्यक्ष रूपमा निर्देशन र भेदभावपूर्ण व्यवहार नभएको पाइयो । विद्यालय विद्यमान नीति नियम सर्वपक्षीय सल्लाह र सहमति अनुसार विद्यालयको शैक्षिक तथा भौतिक सुधार र विकासका लागि सदैव सक्रिय र जिम्मेवार रहने गरेको यसका लागि शिक्षकहरूको राय विचार र धारणालाई प्राथमिकता दिने गरेको देखियो । शिक्षकहरूलाई आफ्नो पेसाप्रति प्रतिबद्ध नभएमा शिक्षकहरूले वि.व्य.स.मा समेत निगरानी गर्ने र आवश्यक चेतावनी समेत दिने गरेको पाइयो । विद्यालयमा कुनै प्रकारका योजना र निर्णय प्रक्रियामा सबै शिक्षकहरूलाई सहभागी गराउँदा शिक्षकहरूले आफूलाई सम्मानित भएको महसुस गरेको पाइयो ।

**सकारात्मक व्यवहार**

अभिभावक विद्यालयको शैक्षिक, प्रशासनिक तथा भौतिक विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका रहने गर्दछ । विद्यालयको शैक्षिक तथा प्रसासनिक सुधार र विकासमा अभिभावक र शिक्षकहरू बिच आत्मीय सुमधुर सम्बन्ध हुनु आवश्यक छ । अभिभावकको उचित सहयोग र समन्वयमा मात्र विद्यालयले सही किसिमले आफ्नो योजनालाई अगाडि बढाउन सफल हुन्छ । शिक्षकप्रति विद्यालय व्यवस्थापन समितिका सदस्य प्रतिनिधि अभिभावकले के कस्ता व्यवहार गर्दछन् भन्ने सम्बन्धमा शिक्षकसँग अन्तरक्रिया गर्दा सकारात्मक व्यवहार गर्ने गरेको पाइयो । यस सम्बन्धमा उतरदाता अभिभावक क अनुसारः

*वि.व्य.स.का सदस्यहरूले शिक्षकहरूलाई आफ्नो छोराछोरीको भविष्य निर्माताको ज्ञान बाड्ने व्यक्तिको रूपमा लिने गरेका छौँ । आफ्नो बच्चाको पढाइप्रति पूर्ण सन्तुष्ट छु । मैले शिक्षकहरूलाई आदर गर्छु । उहाँहरूले मलाई आदर गर्नुहुन्छ । निजी विद्यालयको तुलनामा मेरो छोरी पढाइमा अलिकति पनि कम छैन । म दलित अभिभावक हुँ । मसँग कुनै पनि शिक्षकहरूले दलित जस्तो संकेत गर्दैन ।*

यस धारणा अनुसार विद्यालयमा शिक्षकहरूको पढाइप्रति अभिभावकहरू पूर्ण सन्तुष्ट छन् । शिक्षकहरूलाई विद्यालयमा अभिभावकहरूले सकारात्मक तरिकाले व्यवहार गरेको पाइयो । विद्यालयमा कुनै किसिमका भेदभाव नभएको पाइयो । अभिभावकहरूले निजी विद्यालयभन्दा सार्वजनिक विद्यालयप्रति सकारात्मक दृष्टिकोण रहेको पाइयो । त्यसमा शिक्षकहरूप्रति असल मानवीय व्यवहार कायम गर्ने गरेको पाइयो । यसै प्रसङ्गमा सहभागी अभिभावक ख अनुसार :

*मैले सबै शिक्षकसँग समान व्यवहार गर्छु । तर आज अभिभावकहरूले शिक्षकको कमीकमजोरीमा अलि थर्काएको जस्तो लाग्छ । उहाँहरूको अनुसार शिक्षकहरू कुनै पनि नियम पालना गर्दैन । खालि मात्र तलब भत्ता खान विद्यालय प्रवेश गर्छन् । पढाइप्रति पूर्ण रूपले आफ्नो प्रतिबद्धता देखाउँदैन । वर्षभरिमा पुरै पाठ्यक्रम सकाएर पढाउँदैनन् ।*

यस धारणाअनुसार विद्यालयमा शिक्षकहरूप्रति अपमानजनक व्यवहार गरेको पाइयो । अभिभावक र विद्यालय बाहिरका सरोकारवालापक्षबाट शिक्षकहरूलाई थर्काउने, अपमानित शब्द प्रयोग गर्ने र आफ्नो जिम्मेवारी वहन नगर्ने व्यक्तिको रूपमा भेदभाव गरी अनादर खालको व्यवहार गरेको देखियो । तर प्रायजसो अरू-अरू विद्यालयमा अभिभावकहरूले शिक्षकसँग सम्मानजनक व्यवहार देखाएको पाइयो ।

## निष्कर्ष र उपादेयता

सरोकारवालाहरूले शिक्षकहरूसँग सयोगात्मक, समन्वयात्मक र सहकार्यात्मक व्यवहार गरेको पाइयो । प्रधानाध्यापकले शिक्षकप्रति सद्भावपूर्ण व्यवहार गरेको पाइयो । प्रधानाध्यापकले निरीक्षणका क्रममा शिक्षकहरूसँग आफ्ना अनुभव, ज्ञान,सिप शिक्षकहरूसँग आदानप्रदान गरी सहयोगात्मक वातावरण सृजना गरेर शिक्षकहरूलाई छलफल र अन्तरक्रियात्मक सिकाइमा उत्प्रेरित गर्ने गरेको पाइयो

। विद्यालयका सहकर्मी शिक्षकहरूले एकआपसमा आत्मीय, सद्भावपूर्णव्यवहार गरेको र विद्यालयको समस्याहरूलाई एक आपसमा सहकार्यात्मक र समन्वयात्मक वातावरणमा सम्पन्न गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षकहरू बिच औपचारिक कुराकानी मात्र हुने गरेको र एकआपसमा कुराकानी गर्दा सम्मानजनक व्यवहार गर्ने गरेको शिक्षकप्रति सकारात्मक र सौहार्द वातावरण रहेको पाइयो । प्रधानाध्यापकले विद्यालयका सबै शिक्षकहरूको शैक्षणिक कार्य सम्पादनमा लगनशीलता सन्तोषजनक नभएमा तत्काल पृष्ठपोषण प्रदान गरी कार्य सम्पादनमा प्रेरित गरेको पाइयो ।

यस अध्ययनमा शिक्षकहरूले सरोकारवालासँग असल र मानवीय सम्बन्ध विकास गर्नका लागि मानवीय संवेदना, पेसागत प्रतिबद्धता, उत्प्रेरणा र भावनात्मक पक्षहरूमा ध्यान दिनु आवश्यक पर्ने कुरामा जोड दिनुपर्नेकुरा गरिएको छ । शिक्षकको व्यक्तिगत विकासका लागि अध्ययन बिदा, शैक्षिक भ्रमण, सेमिनार र आधुनिक विज्ञान प्रविधि प्रयोग गरी शिक्षण सिकाइ गराउन तालिमको व्यवस्था गर्न आवश्यक नीतिगत व्यवस्था आवश्यक देखिन्छ । शिक्षकहरूमा एक आपसमा सहयोग र सद्भावको वातावरण सृजना गरी शिक्षकहरूलाई विशुद्ध पेसागत र प्राज्ञिक व्यक्तित्वको रूपमा विकास गरेर अधिकतम विद्यार्थीको सिकाइमा प्रयोग गर्न आवश्यक छ ।

**सन्दर्भ सामग्री**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७६), शिक्षा ऐन, २०२८, शिक्षक सेवा आयोग नियमावली, २०५७ र शिक्षा नियमावली, २०५९ र २०७६ साल असार मसान्तसम्म भएका संशोधन सहित, काठमाडौं : कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति, नेपाल सरकार ।

Creswell, J.W. (2009). *Research design: Qualitative, quantitative, and mixed methods approaches* (3rd Eds). California: Sage Publication, Inc.

Dilekmen, M. (2011).Student teachers' observations of unfavorable teacher behavior sex hibited in classrooms. *Psychological Reports*, 108(1), 45-53.

Epstein, J. (1995). School/Family/Community Partnerships: Caring for the Children we Share. *Phi Delta Kappan*, 76(9), 701-712.

Friedman, A.L. (2006). *Stakeholders: Theory and practice*. Oxford University Press.

Guba, E.G & Lincoln, Y.S. (2005).Paradigmatic controversies, contradiction, and emerging Confluences. In N.K Denzin & Y.S. Lincoln (Eds.), *The SAGE handbook of qualitative research* (3rd ed., pp.191 – 215). Thousand Oaks, CA: Sage

Henderson and Mapp (2002).*Engaging stakeholders including parents and the community to sustain improved reading outcome.* Retrieved from https://www2.ed.gov/programs/readingfirst/support/stakeholderlores.pdf

Kothari, C.R. (1995). *Research methodology* (22nd ed.).New Delhi Wishwa Prakashan.

Morse, L. (2016). *Relationships of Stakeholder Perceptions of School Climate. (Unpublished doctoral dissertation).* University of Findlay's College of Education

Mulder, P. (2017). Human Relations Theory by Elton Mayo. Retrieved from https://www.toolshero.com/management/human-relations-theory-elton-mayo

Punch, K. (2005*). Introduction to social research: quantitative and qualitative approaches.* 2nd Edition, Sage, London.

Robbins, S.P. (1998). *Organizational Behavior*, New Delhi: Prentice Hall.

Zappala, G. (2004). Corporate citizenship and human resource management: A new tool or a missed opportunity. Journal of Human Resources, 42(2), 185-201.

**लेखकहरू**

दावा शेर्पा, उप प्राध्यापक पदमा त्रि. वि. शिक्षा शास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा शिक्षा योजना तथा व्यवस्थापन विषय प्राध्यापनरत हुनुहुन्छ । हाल उहां शैक्षिक नेतृत्वमा विधावारिधि शोधकार्य गरिरहेको हुनुहुन्छ । परम्परागत ज्ञान, विविधता व्यवस्थापन, नेतृत्व व्यवस्थापन विषयमा उनको विशेष रुचि रहेको पाइन्छ ।

भोला प्रसाद साह, सहायक प्राध्यापक पदमा सफ्टटेक कलेज लहानमा शिक्षा शास्त्र संकायका अनिवार्य विषयहरु प्राध्यापनरत हुनुहुन्छ । विद्यालयको शैक्षिक व्यवस्थापन र नेतृत्व सम्वन्धि विषयमा उनको विशेष रुचि रहेको पाइन्छ ।